# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल


प.सं. :- २०८३/८४
च.नं. :-

## प्रेस विज्ञप्ति

### भोटेकोशी प्राकृतिक विपद्का पीडितलाई राहत तथा सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

प्रकाशित मितिः २०८३/०५/१७

भोटेकोशी क्षेत्रमा हालै भएको विनाशकारी प्राकृतिक विपद्का कारण भएको जनधनको क्षतिप्रति धर्मदेवी नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ। विपद्मा ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइते, विस्थापित तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभ, उद्धार तथा पुनर्स्थापनाको कामना गर्दछ।

विपद्को यस विषम परिस्थितिमा प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी निकाय, सङ्घसंस्था तथा विभिन्न क्षेत्रबाट भइरहेका सहयोग तथा राहतका प्रयासप्रति धर्मदेवी नगरपालिका ऐक्यबद्धता व्यक्त गर्दछ। साथै, प्रभावित नागरिकहरूको जीवनरक्षा तथा राहतका लागि आवश्यक सहयोग र सहकार्य गर्न नगरपालिका प्रतिबद्ध रहेको व्यहोरा अनुरोध गर्दछ।

मिति २०८३/०५/१७ गते बसेको धर्मदेवी नगरपालिकाको बैठक संख्या २-२०८३/८४ को निर्णय नं. ६(ख) बमोजिम, चालु आर्थिक वर्ष २०८३/८४ मा स्वीकृत बजेट तथा कार्यक्रममा तत्काल खर्च गर्न आवश्यक नपर्ने रकमलाई प्रचलित कानूनबमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन गरी भोटेकोशी विपद्बाट प्रभावित नागरिकहरूको राहत तथा सहयोगमा परिचालन गर्ने निर्णय गरिएको छ।

साथै, नगरपालिकाको "तीज विशेष कार्यक्रम" अन्तर्गत वडा तह तथा नगरस्तरमा विनियोजित रकम "*प्रधानमन्त्री दैवी प्रकोप कोष र राहत कोष*"मा जम्मा गर्ने निर्णय गरिएको व्यहोरा जानकारी गराउँदै विपद्को यस कठिन घडीमा सम्पूर्ण नागरिकहरूलाई धैर्य, संयम, मानवीयता र एकताका साथ प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनामा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउन धर्मदेवी नगरपालिका हार्दिक अपिल गर्दछ। विपद् व्यवस्थापन तथा पुनर्स्थापनाका लागि भइरहेका सम्पूर्ण प्रयासमा आवश्यक समन्वय, सहकार्य र सहयोगसहित साथमा रहने प्रतिबद्धता व्यक्त गर्दछ।

विपद् प्रभावित नागरिकहरूको उद्धार तथा राहतमा सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय, सङ्घसंस्था, सुरक्षा निकाय, निजी क्षेत्र, सामाजिक अभियन्ता तथा सहयोगी मनहरूप्रति धर्मदेवी नगरपालिका हार्दिक आभार व्यक्त गर्दछ।

| | | |
|---|---|---|
| प्रकाश गुरुङ्ग | तारा महत भट्टराई | उदय चन्द्र पौडेल |
| प्रमुख प्रशासकीय अधिकृत | नगर उपप्रमुख | नगर प्रमुख |

प्रकाश गुरुङ्ग
प्रमुख प्रशासकीय अधिकृत

उदय चन्द्र पौडेल
नगर प्रमुख